# ताराखोला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ
## २०७३

प.सं.०८१।८२ गण्डकी प्रदेश नेपाल ।

च.नं.

### औषधि उपचार खर्च प्राप्तीका लागि निबेदन पेश गर्ने सम्बन्धि सूचना।

प्रकाशित मितिः २०८१।०५।२०

प्रस्तुत **विषयमा "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग लागेका र मेरुदण्डको पक्षघात भएका बिरामीहरुलाई उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७८"** अनुसार तपसिलका लक्षित समूहहरुलाई मासिक रुपमा प्रति बिरामी रु. ५०००(अक्षेरुपी पाँच हजार मात्र) का दरले उपचार खर्च प्रदान गरिने भएकोले सम्बन्धित लाभग्राहीहरुले आवश्यक कागजात सहित असोज १५ गते सम्म आ-आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः पहिले दर्ता भइसकेका विरामीहरुले पनि यो आ.व.मा नविकरण गर्नुपर्नेछ ।

**लक्षित समूह**

1. मृगौला प्रत्यारोपण गरेका,
2. डायलाइसिस गराइरहेका,
3. क्यान्सर रोगको उपचार फलोअप गराइरहेका,
4. मेरुदण्डको पक्षघाट भएका

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरुः

1. नेपाली नागरिकताको प्रतिलिपी, नाबाकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,
2. चिकित्सकबाट प्रमाणित अनुसुची १ फारम,
3. अनुसूची २ को ढाँचाको निवेदन,
4. मेरुदण्डको चोटका कारण पक्षघात भएका व्यक्तिले अपाङ्ग परिचयपत्र रातो वा निलोको प्रतिलिपी,

उपचार खर्च नपाउने र दोहोरो भत्ता नपाउने व्यक्ति

1. नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थामा रोजगारी वा निवृत्तिभरण सुविधा पारइरहेको,
2. सामाजिक सुरक्षा भत्ता पाइरहेको व्यक्तिले सामाजिक सुरक्षाभत्ता वा उपचार खर्च मध्ये कुनै एक मात्र प्राप्त गर्नेछ,
3. माथि उल्लेखित रोगहरु मध्ये एक भन्दा बढी रोग लागेका व्यक्तिले कुनै एउटा रोगको लागि मात्र उपचार खर्च पाउनेछ।

..................

उदित कुमार थापा

स्वास्थ्य संयोजक